सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास

मानननीय न्यायाधीश श्री नृपध्वज निरौला

**आदेश**

०८२-WO-१६७९

विषयः-उत्प्रेषण।

लिगल इनोभेसन एण्ड रिसर्च सेन्टरका संस्थापक अधिवक्ता मनीराम उपाध्याय.......निवेदक

**विरुद्ध**

सम्पत्ति छानबिन आयोग केशरमहल काठमाडौं..................................................प्रत्यर्थी

यसमा पेश हुन आएको निवेदन सहितको मिसिल अध्ययन गरी निवेदककोतर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री रमेश बडाल, निवेदक विद्वान अधिवक्ता श्री मनीराम उपाध्याय साथै विद्वान अधिवक्ताहरु श्री कृतिनाथ शर्मा पौडेल, श्री राजीव बास्तोला, श्री धर्मराज खनाल, श्री तुलसीराम पोखरेल, श्री हरिशरण कार्की, श्री प्रेमराज सिलवाल र श्री प्रकाश सिंह विष्टले गर्नुभएको बहस सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिम आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए सो को आधार र कारण सहित बाटोको म्याद बाहेक थाम्न नपाउने गरी सूचना म्याद पाएका मितिले ७ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति नक्कल समेत साथै राखी प्रत्यर्थीका नाउँमा सूचना म्याद जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू।

रिट निवेदनमा प्रत्यर्थी आयोगको मिति २०८३।३।२९ को सूचना नं.४ यस अदालतबाट मिति २०८३।३।२६ मा भएको अन्तरिम आदेशको प्रतिकूल हुँदा रिट निवेदनको अन्तिम टुंगो नलाग्दासम्म कार्यान्वयन नगर्न नगराउन अन्तरिम आदेशको माग गरेको देखियो।

यस अदालतबाट ०८२-WO-१२९२ को रिटमा मिति २०८३।३।२६ मा भएको आदेश हेर्दा सम्पत्ति छानबिन आयोगको गठनको वैधानिकताको प्रश्न उठाउदै नेपालको संविधानको धारा २८ तथा वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को व्यवस्था समेतको रोहमा उक्त गम्भीर संवैधानिक र कानूनी प्रश्नको निरुपण हुन आवश्यक भएको भनी पन्ध्र दिनभित्रै पूर्ण सुनुवाई गर्ने गरी आदेश भएको र नेपालको संविधानको धारा १३९(१) तथा धारा १०१ को सन्दर्भ उल्लेख गर्दै प्रस्तुत रिट निवेदनको पूर्ण इजलासबाट अन्तिम टुंगो नलाग्दासम्म **कसैलाई पनि सम्पत्ति विवरण पेश गर्न बाध्य नपार्नु, पेश हुन आएका सम्पत्ति विवरणउपर छानबिन गर्ने कार्य यथास्थितिमा राख्नु र कसैउपर पनि कुनै किसिमको कानूनी कारवाहीका लागि सिफारिस नगर्नु नगराउनु** भनी प्रत्यर्थी सम्पत्ति छानबिन आयोगका नाउँमा अन्तरिम आदेश जारी भईरहेको देखिन आउछ।

यसरी उक्त रिट निवेदनमा प्रत्यर्थी सम्पत्ति छानबिन आयोगको तथा सर्वोच्च अदालतको न्यायाधीश भइसकेको व्यक्ति प्रत्यर्थी आयोगको अध्यक्षमा नियुक्तिको वैधानिकताको विषयमा संयुक्त इजलासले प्रश्न उठाई पूर्ण इजलासबाट पन्ध्र दिनभित्रै सुनुवाई गर्न तोकिई विवादको निरुपणलाई प्राथमिकतामा राखेको देखिएको, **रिट निवेदनको पूर्ण इजलासबाट अन्तिम टुंगो नलाग्दासम्म कसैलाई पनि सम्पत्ति विवरण पेश गर्न बाध्य नपार्न तथा पेश भएका विवरणको छानबिनको कार्य समेत यथास्थितिमा राख्न अन्तरिम आदेश जारी भइरहेको** तथा प्रत्यर्थी आयोगले प्रस्तुत रिट निवेदनको अन्तिम टुंगो नलाग्दासम्म यी काम बाहेक कार्यदिशमा समावेश भएका अन्य कार्य गर्न सक्ने नै देखिँदा सुविधा सन्तुलनको दृष्टिबाट तथा नेपालको संविधानको धारा २८, वैयक्तिक गोपनियता सम्बन्धी ऐन, २०७५ को दफा १० मा भएको कानूनी प्रावधानसमेतको परिप्रेक्ष्यमा प्रस्तुत रिट निवेदनको अन्तिम टुंगो नलाग्दासम्म यस अदालतको संयुक्त इजलासबाट मिति २०८३।३।२६ मा भएको आदेशको समग्रतामा व्यक्त भएको मर्म र भावनाको प्रतिकूल हुने गरी प्रत्यर्थी आयोगले मिति २०८३।३।२९ मा जारी गरेको भनेको सूचना नं. ४ को सूचनाको दोस्रो खण्डमा उल्लेख भएको सम्पत्ति जाँचबुझ सम्बन्धी व्यहोराको कार्यान्वयन नगर्न नगराउन सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम प्रत्यर्थीका नाउँमा अन्तरिम आदेश जारी गरिदिएको छ। यसको जानकारी प्रत्यर्थीलाई दिनु।

साथै, यस्तै विषयसँग सम्बन्धित माथि उल्लेखित ०८२-WO-१२९२ समेतका रिट निवेदन पूर्ण इजलासमा समक्ष निरुपणका लागि पेश गर्ने गरी आदेश भइरहेको परिप्रेक्ष्यमा प्रस्तुत रिट निवेदनमा उठाइएका कानूनी प्रश्नको जटिलता र महत्वको विचार गर्दा, लिखित जवाफ परेपछि उक्त निवेदनसँगै साथै राखी प्रस्तुत रिट निवेदनमा समेत निर्णय निरुपण हुन उपयुक्त र वाञ्छनीय देखिंदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३ को उपनियम (२) को खण्ड (च) बमोजिम पूर्ण इजलासमा पेश गर्ने प्रयोजनार्थ पेशी व्यवस्थापन निर्देशक समिति समक्ष पेश गरी नियमानुसार गर्नु।

न्यायाधीश

इति सम्वत् २०८३ साल आषाढ ३१ गते रोज ४ शुभम् ....................................।